भ्रामक समाचार, हल्ला र अफवाहरूले जसरी जनजिवन अस्त व्यस्त बनाएको थियो, अहिले कोरोना भाईरसको महामारिको अवस्था पनि त्यस्तै छ । हामि सबै मिलेर यसको निराकरणमा महत्वपुर्ण भुमिका खेल्न सक्छौं । यसकालागि हामिले विश्वसनिय एवं स्रोत खुलेका सहि सूचना निर्णायक तहसम्म प्रवाह गर्न सक्छौं ।

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरु संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।



नेपाली नागरिकलाई सिमानामा अपरिचित जस्तै व्यवहार गरियो । दुधे बालकको चित्कार कसले सुन्छ ?

तस्बिर: AP




स्रोत: https://covid19.mohp.gov.np/#/

## कोभिड - १९ को लागि सञ्चालन गरिने क्वारेन्टाईनमा प्रतिदिन प्रतिव्यक्ति आवश्यक अनुमानित बजेट

मानव संसाधनमा
रु. ४९७

उपकरणमा
रु. ९५

खान बस्न
रु. २,०१३

सवारी साधनमा
रु. ३००

सूचना व्यवस्थापन गर्न
रु. ८

फोहोर व्यवस्थापन गर्न
रु. १२०

**जम्मा**
**रु. ३,०३३**

स्रोत: https://drive.google.com/file/d/1Jrg02HTqN-q8KkUESCne35GreQOL199h/view

# हल्ला र तथ्य



वैदेशिक रोजगारीमा रहेका लाखौ युवा स्वदेश फर्किने र बेरोजगार हुने पक्का जस्तै छ । सरकारले यस सम्बन्धमा के योजना बनाउदैछ ?

कोरोनाका कारण गुमेको रोजगारीलाई पुनर्स्थापित गर्न, वैदेशिक रोजगारीबाट फर्कनेहरुलाई रोजगारी उपलब्ध गराउन र स्वरोजगारी बढाउन कृषि, साना, घरेलु तथा मझौला उद्यमहरु र सेवा क्षेत्रमा संलग्न हुन उत्प्रेरित गर्ने गरी बजेट तर्जुमा गर्ने र सो कार्यक्रम प्रदेश र स्थानीय तहसंगको सहकार्यमा सञ्चालन गर्ने तयारी सरकारले गरेको छ ।

स्रोत: http://www.shorturl.at/aq046



कोरोनाको प्रकोप बढेको बढ्यै छ । यसै बिच थुप्रै व्यक्तिले लकडाउनको उलंघन गरिरहेका छन् । यसको बारेमा कहाँ, कसरी र कसलाई

यस अवस्थामा मृतक कामदारको शव सम्बन्धीत मुलुकमै तत्काल अन्त्योष्ठि गर्नुपर्ने बाध्यता भएकोले नजिकको हकदारको तर्फबाट सहमती पत्र सम्बन्धीत जिल्ला प्रशासन कार्यालय मार्फत पठाउन वैदेशिक रोजगार बोर्ड सचिवालयले अनुरोध गरेको छ । यसरी पत्र पठाउने कामदारको नजिकको हकदारलाई राहत स्वरुप वैदेशिक रोजगार बोर्डको सचिवालयबाट रु. ५०,००० प्रदान गर्ने गरी नेपाल सरकार मन्त्रीपरिषद स्तरिय निर्णय भएको छ ।

स्रोत: https://twitter.com/NepalPoliceHQ/status/1245324888774070274/photo/1



वैदेशिक रोजगारीमा रहेका मृतकहरुको शव नेपाल ल्याउन सक्ने अवस्था छैन । यसबारे सरकारले केही पहल गरिदिन्छ कि ?

यस अवस्थामा मृतक कामदारको शव सम्बन्धीत मुलुकमै तत्काल अन्त्योष्ठि गर्नुपर्ने बाध्यता भएकोले नजिकको हकदारको तर्फबाट सहमती पत्र सम्बन्धीत जिल्ला प्रशासन कार्यालय मार्फत पठाउन वैदेशिक रोजगार बोर्ड सचिवालयले अनुरोध गरेको छ । यसरी पत्र पठाउने कामदारको नजिकको हकदारलाई राहत स्वरुप वैदेशिक रोजगार बोर्डको सचिवालयबाट रु. ५०,००० गर्ने गरी नेपाल सरकार मन्त्रीपरिषद स्तरिय निर्णय भएको छ ।

स्रोत: http://www.fepb.gov.np/detail/76/suchana



सरकारले जेष्ठ १ गतेबाट लागु हुने गरी यस अघि जारी गरिएका सबै पास रद्द गर्‍यो रे ।

गृह मन्त्रालयले यस अघी जारी गरेका एक जिल्लाबाट अर्को जिल्ला जान पाउने पास मात्र रद्द गरेको हो । जिल्ला भित्र आवत जावत हुने अत्यावश्यकिय सेवाका लागि दिईएका पासको मान्यता यथावत रहने छ ।

## सूचनाका स्रोतहरु

नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कोरोना भाईरस रोग (COVID – 19) सम्बन्धी स्वास्थ्य क्षेत्रको प्रतिकार्य

जोन्स् होपकिन्स् कोरोना भाइरस स्रोत केन्द्र

स्वास्थ्य र जनसंख्या मन्त्रालय

कोरोना कोष सञ्चालन निर्देशिका, २०७६

कोभिड(१९ को अवस्थाअ

कृषि तथा पशुपंछी विकास मन्त्रालय

नेपाल श्रम शक्ति सर्वेक्षण

सुरक्षित हुन के गर्ने

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय



accountabilitylab NEPAL

# मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,५२,६६७ नेपाली | ८२,६३० नेपाली | २८,२७६ नेपाली | ४,३७,००९ नेपाली | २,३१,०८८ नेपाली | ८,२५० नेपाली | ४,६९,१३१ नेपाली | ५३,६९१ नेपाली |
| ३३,७३१ संक्रमित | ६,५६७ संक्रमित | ४,१३१ संक्रमित | १८,८९० संक्रमित | १६,२४० संक्रमित | २,९५८ संक्रमित | ६,४६७ संक्रमित | १०,८२२ संक्रमित |
| ६७४ नेपाली संक्रमित | ७८ नेपाली संक्रमित | १९५ नेपाली संक्रमित | १,४०० नेपाली संक्रमित | ८५ नेपाली संक्रमित | | ४५ नेपाली संक्रमित | |




स्रोत: https://who.sprinklr.com/

**ShramikSanjal**

## दुबई वा कतारमा हुनुहुन्छ ? यि महत्वपूर्ण जानकारी थाहा पाईराख्नुहोस् ।

**दुबई:** दुबईमा सार्वजानिक यातायातहरु सञ्चालनमा छन् । साथै दुबई ट्राम पनि आजदेखी सञ्चालनमा आएको छ । यस्तो समयमा हामीले सर्वजानिक सवारी कसरी प्रयोग गर्ने भन्ने बिषयमा सम्बन्धित निकायह( रुले दिएका केही सुझावहरु:

- अरुबेला भन्दा कम्तीमा पनि आधा घण्टा पहिले बस तथा मेट्रो स्टेसनमा पुग्ने।
- आफु चढ्न लागेको बस, मेट्रो तथा ट्राम भिड छ भने, त्यसमा नचढ्ने, अर्कोलाई कुर्ने ।
- स्टेसनमा र सवारी भित्र २ मिटरको आपसी दूरी कायम राख्ने ।
- रातो रंगको संकेत भएको सिटमा नबस्ने, त्यो सामाजिक दूरी कायम होस् भन्ने उदेश्यले खालि



**कतार:** कतारमा लगभग डेड महिना देखी बन्द रहेका मनि एक्सचेन्ज र ट्रान्सफरहरु हिजो देखी खुलेका छन् । त्यसको लागि निम्न नियमहरुको पालना गर्नु पर्नेछ:

- मास्क लगाएरमात्र एक्सचेन्ज भित्र जाने।
- कम्तीमा २ मिटरको सामाजिक दूरी कायम राख्ने।
- शरिरको तापक्रम जाँच गरेर मात्र भित्र जान दिने भएकोले, हल्का ज्वरो देखीएको छ या कमजोरी अनुभव भएको छ भने नजाने ।
- नोट छोएपछी हातलाई मुहारमा लैजानु भन्दा पहिले स्यानिटाईजरले सफा गर्ने।
- सकेसम्म खम्बा, भित्ता या एक्सचेन्जको काउन्टर नछुने। त्यहाँ प्रयोग गरीने कलम पनि आफै लिएर जाने।



accountabilitylab NEPAL

# $ फलो द मनी



जम्मा | खर्च

तिन पटक गरेर नेपाल सरकार
अर्थ मन्त्रालय मार्फत छुट्याईएको

**करिब १ अर्ब ४८ करोड**

कोरोना भाईरस जोखिम नियन्त्रण,
रोकथाम तथा नियन्त्रण कोषमा जम्मा

**करिब २ अर्ब २० करोड**

## संघिय सरकार

कोरोना भाईरस विरुद्धका गतिविधिमा
नेपाल सरकारले गरेको खर्च
स्वास्थ्य मन्त्रालयलाई निकासा

**करिब १ अर्ब ८ करोड**

रक्षा मन्त्रालय मार्फत कोरोना रोकथाम
र नियन्त्रणका लागि चाहिने स्वास्थ्य
उपकरण खरिदको लागि

**२ अर्ब ३४ करोड** निकासा

## दाता

ए.डि.बि.
करिव ७ अर्व २० करोड

विश्व बैंक
करिव ३ अर्व ४८ करोड

आई.एम.एफ.
करिव १३ अर्व ९ करोड

युरोपियन युनियन
करिव ९ अर्व ८० करोड

| प्रदेश | जम्मा रकम | खर्च गरिएको रकम | बाँकी रकम |
|---|---|---|---|
| प्रदेश १ | करिब २८ करोड ९६ लाख | करिब १५ करोड ९ लाख | करिब १३ करोड ८७ लाख |
| प्रदेश २ | ६१ करोड | १७ करोड ७० लाख | ४३ करोड ३० लाख |
| बागमती प्रदेश | ४० करोड | १२ करोड ३२ लाख | १७ करोड ७५ लाख |
| गण्डकी प्रदेश | करिब १५ करोड | ९ करोड २० लाख | ५ करोड ८० लाख |
| प्रदेश ५ | २३ करोड ६० लाख | १३ करोड ६० लाख | १० करोड |
| कर्णाली प्रदेश | ५० करोड | १३ करोड २० लाख | ३६ करोड ८० लाख |
| सुदुरपश्चिम प्रदेश | करिब ४० करोड २७ लाख | २० करोड १९ लाख | २० करोड ८ लाख |

नोट: यो विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो।
थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं ।

# कोभिड-१९ रोकथाम, प्रतिकार्य र नियन्त्रण गर्न सैनिक सहयोगका लागि खटिने सकलदर्जालाई प्रधान सेनापतिका दश निर्देशन



१. आफ्नो परिवार, समुदाय र राष्ट्रलाई जोगाउन सबैभन्दा पहिलाल(
ाई आफुलाई जोगाउनुहोस् ।



२. आफुलाई सुरक्षित राख्न व्यक्तिगत सरसफाई उच्चस्तर राखी अरुसंग सदैव १.५ मिटर भन्दा बढि शारीरिक दुरी कायम गर्नुहोस् ।



३. सञ्चो नभएमा घर वा व्यारेकमा नै बस्नुहोस्, आवश्यक भए परिक्षण गराउनुहोस्, शारीरिक दुरी कायम हुने गरी आफुलाई आईसोलेशनमा राख्नुहोस् ।



४. आधिकारिक सूचनामात्र विश्वास गर्नुहोस् ।



५. हाम्रा सहकर्मीहरुप्रति सदैव सहयोगको भावना राख्नुहोस् । सैनिक सेवाको धर्म र मर्यादा आफुले राम्ररी बुझि सहकर्मीलाई पनि बुझाउनुहोस् ।



६. सबै नागरिकप्रति सदैव आदरभाव देखाउनुहोस्, आफ्नो स्वास्थ्यलाई जाखिममा राखेर नागरिकको स्वास्थ्य उपचारमा लाग्ने स्वास्थ्यकर्मीहरुलाई उच्च सम्मान गर्नुहोस् ।



७. आफ्नो राष्ट्रको सेनाको उपस्थितिले मात्र पनि कतिपय नागरिक आश्वस्त हुन्छन्। विरामीले पनि निको भएको महसुस गर्दछन्, नेपाली नागरिकप्रति सधै सदाचार, भद्र व्यवहार र मानवीयता प्रदर्शन गर्नुहोस्।



८. नेपाल सरकारले गरेको लकडाउन महामारी फैलिनबाट रोक्न देशकै लागि अवसर र चुनौती दुबै हो, बहादुरी हैन, बुद्धि र विवेकको प्रयोग गर्नुहोस् । नागरिकको सेवामा समर्पित हुँदा आफ्नो सुख सुविस्ता भुली सदैव सर्वोच्च सेवाभाव देखाउनुहोस् ।



९. संकटको अहिलेको घडीमा संयम् र धैर्यता देखाउनुहोस् । कठिन समय केही समयको लागि मात्र हो, सदैव ख्याल राख्नुहोस्।



१०. आफ्नो बोली र व्यवहारले मात्रै पनि अरुको सोचमा परिवर्तन ल्याउन सकिन्छ, आ-आफ्नो दैनिकीमा परिवर्तन गर्न सबैलाई अभिप्रेरित गर्नुहोस् ।

स्रोत: नेपाली सेनाको वेवसाईटबाट साभार

सही सूचना

# सरकारले विदेशमा रहेका नेपाली श्रमिकको उचित व्यवस्थापन गर्न जरुरी छ

## वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकहरुको कोभिड - १९ को संक्रमण सम्बन्धी तथ्यांक




माथिको ग्राफले विभिन्न गन्तव्य राष्ट्रमा रहेका नेपालीमा देखिएको कोभिड - १९ को संक्रमणको तथ्यांक देखाउछ । खराब बन्दोवस्ती, सानो ठाउँमा धेरै जना बस्नु पर्ने बाध्यता र रोजगारदाता कम्पनी र सम्बन्धीत राष्ट्रले सहयोग नगर्नाले श्रमिकहरुमा संक्रमणको उच्च जोखिम हुनुका साथै मानसिक तनाव बढेको छ । महामारीबाट श्रमिकको सुरक्षा गर्न र उनिहरुको उचित व्यवस्थापन गर्न सरकार सचेत हुन पर्दछ । तत्काल कुटनीतिक पहल गरी उनिहरुलाई सुरक्षित नेपाल फर्काउन जरुरी छ ।

स्रोत: nrna.org

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरु, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, र सिभिक एक्सन टिमले यहि अप्रिल महिना भित्र २००० भन्दा बढी व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरु छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219